स्थानीय संवाद
GRASSROOTS DIALOGUE
Year 9 Issue 2 Fagun 18 2077 - Baisakh 17, 2078 March - April 2021

# राजनीति, भ्रष्टाचार र आयोग

भ्रष्टाचार नेपाली जनजिब्रोमा वा बोलीचालीमा अत्याधिक प्रयोग हुने थोरै शब्दहरुमध्ये पर्ने एउटा शब्द हो । यस्तो कुनै कार्यक्रम, भाषण, छलफल र बहस भेटिदैन, जहाँ भ्रष्टाचारको कुरा नउठेको होस् । अस्तिमात्र सम्पन्न नेकपा माओवादीका अधिवेशनमा माओवादी आन्दोलन कमजोर हुनुमा पाटीका न्ताहरुका अपारदर्शी आर्थिक जीवन जिम्मेवार रहेको भन्दै नेताहरुको आम्दानीको श्रोत र सम्पत्ति छानविनको मुद्धा र अपारदर्शी रुपमा सम्पत्ति थुपार्ने नेताहरुकालाई कारवाहिका गनुपर्ने सम्मको कुरामा जोडतोडले उठाएका छ। लाभको पदमा गएका सदस्यहरुको सम्पत्ति सार्वजनिक गर्नुपर्ने देखि सम्पत्तिको छानविनका लागि समिती गठन गर्ने सम्म माग गरिएको छ। साथै पार्टी कार्यकर्ता उत्पादनशिल काममा लाग्न नसक्दा अपारदर्शिता बेढेको, कम्युनिष्ट पार्टी र यसका नेताहरुमा बढ्दो उपभोक्तावाद र त्यसलाई पुरा गर्न अपनाइने राजनीति अवसरवाद अनियन्त्रित बनेको भन्दै पार्टीले आफैं भित्रको भ्रष्ट आचरणलाई निरुत्साहन गर्ने नीति लिनुपर्नेमा जोड दिएका पाईन्छन्। पैत्रिक सम्पति पाटीलाई दिएर राजनीतिमा होमिएका भनिएका पुष्पकमल दहाल नै अहिले अस्वभाविक उच्च स्तरको जीवनशैली अपनाएका, विचौलिया र ठेकदारबाट लाभान्वित भएका, ठुला घरानाका बच्चा पढाउने विद्यालयमा नातीहरुलाई पढाइरहेका सम्म कुरा महाधिवेशनमा उठेका छन्, र दहाल आफैले प्रस्तुत प्रतिवेदनमा कमिसन, भ्रष्टाचार, पद र पैसाप्रतिका आशक्ति बढ्दो भएकोले पार्टीभित्र कमिसन र भ्रष्टाचारको समस्या रहेको स्वीकारका छन्। विषय माओवादीका अधिवेशनमा उठेका भएपनि अन्य दलको हकमा पनि यो उत्तीकै सान्दर्भिक देखिन्छ।

अन्यत्र झै नेपालमा पनि भ्रष्टाचार पुरानै रोग हो । "घुस लिने र दिने दुबै देशका शत्रु" हुन भन्ने पृथ्वीनारायण शाहले भनेको भनिएको उक्तिबाट पनि यो कुरा प्रमाणीत हुन्छ । केन्द्रका शाषक र तीनका स्थानिय प्रतिनिधिलाई रैति र प्रजाहरुले विभिन्न उपहार र "दाम" "चढाएर" खुशी पार्ने, रिझाउने चलन पुरानै हो र त्यसको प्रभाव विभिन्न वा अर्को रुपमा अहिलेसम्म पनि जीवित देखिन्छ ।समाज यसरी बिकसित भएको छ कि मानिसको मर्यादा, सम्मान र सामाजिक सम्वन्ध उसको सम्पन्नता, सम्पत्ती र शक्तिमा भएको पहुँचका आधारमा निर्धारण गरिन्छ । यसो गर्दा समाज उसको सम्पन्नता र शक्तिको पछाडिको श्रोत के हो भनि खास खोज्दैन। उसको उच्च जीवनस्तर र उपभोग कसरी संभव भएको छ भनि प्रश्न गर्दैन । बरु उसले लगाएको ब्राण्डेड पोशाक, जोडेका जग्गा-जमिन र घर-घडेरी, महँगा सवारी साधन र लगानी अनि उसको उच्च राजनीतिक तथा तथा व्यवसायिक घरानासंगको उठबस र सरसंगतको समाजले परिचर्चा र प्रशंसा गर्छ । त्यस्तै रवाफको देखासिकी गर्न खोज्ने जीवनशैलीलाई आदर-सम्मान गर्ने र नवउदीयमान ठालुको रुपमा स्वीकार र मान्यता दिने समाज भइसकेको छ । अनावश्यक रवाफमा नअल्झने, आफ्नो काम गरेर जीवन निर्वाह गर्ने सोझा, इमान्दार र सामान्य मानिसलाइ हुतिहारा, केहिगर्न नसक्ने, नाकाम, अझ त्यस्ता पुरुषका हकमा "नामर्द" समेत भने र मानमर्दन गरेको समाजमा सुनिन्छ । तपाँइका छोराछोरी के के गर्दैछन् भनेर अहिले गाउँमा कसैलाइ सोध्यो भने, "केहि गर्न सकेनन् खेतिपाती गरेर घरमै बस्छन्" भन्ने अभिभावकको उत्तर सबैतिर सामान्य भएको छ । फलस्वरुप आफ्नो आत्मासम्मान र प्रतिष्ठाको लागि पनि गाँउघर छोड्नुपर्ने, रातारात धनी हुनुपर्ने, धनसम्पत्तिको रवाफ नदेखाउनेको समाजमा मर्यादा नगरिने र गन्ती नै नहुने सामाजिक माहोल नै बनिसकेको छ। यसले विस्तारै समाजमा गनिन, देखिन र सुनिनकै लागि जे पनि गर्न तयार हुन पर्ने सामाजिक दवाव सिर्जना भएको छ। नेपाली समाज उत्पादनमुखि भन्दा पनि बढी उपभोग तर्फ उन्मुख हुँदै गएको छ। देशभित्र वस्तु उत्पादन गर्ने श्रमिक वा मजदुरलाई आदर भावले नहेर्ने, प्रोत्साहित नगर्ने तर उपभोगको लागि बजारमा निर्भर हुने प्रचलनका कारण नेपाली अधिकाँश युवा पंनि मेहनत र दुख नगरी पैसा कमाउने बाटो खोजिरहेको देखिन्छ । गाँउमा बस्न मन नपराउने, खेतवारीमा काम गर्नुलाई हेयको भावले हेर्ने अवस्थाका कारण गाँउठाँउमा शानका लागि पनि शहर पस्ने वाध्यता तर शहरमा एक त रोजगारी नै नपाइने, पाएपनि खर्चको तुलनामा तलव कम हुने र त्यसबाट गुजारा चल्न नसक्ने अवस्थाले पनि अतिरिक्त आम्दानीको खोजीमा लाग्नु शहर पसेका युवा पुस्ताको बाध्यता बनेको देखिन्छ । यि अतिरिक्त आम्दानीकालागि शुरुमा एक्लै भए पनि बिचौलियाको रुपमा काम गर्न यातायात बिभाग, सेना-प्रहरी, भन्सार, अध्यागमन, मालपोत जस्ता सेवामा स्थान देखिन्छ भने तिनै विचौलीयाको काम शुरु गरेका कतिपय विस्तारै समुह वनाएर ठुला संजालका रुपमा रक्तचन्दन, सुन, लगायत मानवतस्करीमा समेत संलग्न भएका पाइन्छन् । यि सन्जालसम्म राजनीति र राज्यसंयन्त्रमा रहेका जिम्मेवार अधिकारीको साझो साङ्ले सम्वन्ध देखिँदा त्यसलाइ नियन्त्रण गर्न सकेको देखिदैन।

दलहरुले बिचौलियालाई राजनीतीमा प्रोत्साहन गरेका कारण महंगो भएको राजनीतिले पनि समाजलाइ अनियमित र सजीलो पैसा कमाउने तर्फ ध्रविकृत गरेको छ भन्न सकिन्छ । परिणाम, आज राजनीतीमा नेताकार्यकर्तादेखि मतदातासम्म चाहेर वा नचाहेर भ्रष्टाचारमा सहभागि भएका छन् । राजनीतिमा आउन, चुनावमा टिकट पाउन, राजनीतिक परिचालन गरेर चुनाव जित्न, दल या राज्य संयन्त्रमा कार्यकारी भुमिका लिन, राजनीतिमा टिकिरहन र नेताको रुपमा स्थापित हुन सवैमा पैसाकै खोलो बगाउनै पर्ने अवस्थाका कारण अहिले राजनीति भ्रष्टाचारको मुख्य श्रोत भएको छ । राजनिती गर्छु भन्ने युवाहरु आफ्नो बिद्यार्थी जिवन देखि नै चन्दासंकलन, हरेक प्रशासनिक निकायमा भर्ना, सरुवा, बढुवामा चलखेल गरि

लेनदेनमा सामाजिकीकरण हुने प्रकृया र अभ्यास सामान्य भैसकेको छ। पेशागत संघसंगठन बनाउने र परिचालन गर्नेमा राजनीतिक दलको अभ्यास, दलका बिश्वासपात्र वा कार्यकतालाई मात्र राजनीतिक नियुक्ति गर्ने परंपराको विकास आदीले गर्दा राजनीतिक संरचना र पद्धतीभित्रैबाट समाज र राज्यसंयन्त्रकाबीच सेतुको रुपमा काम गर्ने भ्रष्ट तथा बिचौलिया उत्पादन, प्रयोग र संरक्षण नौलो भएन । बिभिन्न कालखण्डमा यो अभ्यास शुरु गर्न, र संस्कारका रुपमा बिकास गर्न सबैजसो राजनीतिक दल सामेल भएका हुनाले शत्तारुढ होस या प्रतिपक्ष भ्रष्टाचारको यो अभ्यासमा एकखालको आचरणगत समानता र 'काले काले मिलेर खाउँ भाले' भनेभैं मनोगत सहमति देखिन्छ । सर्पको खुट्टा सर्पले देख्छ भनेभैं हुने भएकोले राजनीतक खपतका लागि सभा-सम्मेलन वा सार्वजनिक वहसमा एक अर्कोलाइ भ्रष्टाचारी भनेर दोषारोपण गरे पनि जव नियन्त्रणको पहलको कुरा हुन्छ, जो सरकारमा भएपनि कसैको नैतिकवल पुग्दैन, र तै चुप मै चुपको अवस्था छ ।

खास पेशा नभएको तर उच्च तहको जीवन यापन गर्ने युवाहरुको ठुलो जमात काठमाण्डुमा देखिन्छ, त्यस्तै अवस्था प्रदेश र स्थानिय तहमा पनि छ। त्यो कसरी संभव भएको छ भनेर खोजिनिति गर्ने न कुनै निकाय छ, न त्यसको बारेमा अध्ययन अनुसन्धान नै भएको छ । एकाध आलोचनात्मक चेतका नागरिकले भ्रष्टाचारको मुद्धा उठाएभने "...काँडाको आँखामा काँडै सन्सार" भन्दै निरुत्साहित गरिन्छ। भ्रष्टाचार विरुद्धका अभियानका नाममा जति पनि नागरिक प्रयासहरु भए ति प्रभावकारी हुन सकेको देखिदैन । हात-हतियार देखि जहाज, गाडी, सुरक्षा निकायका लागि आवश्यक रासन, पोषाक र बन्दोवस्तीका सामान खरिद देखि साना-ठुलो र संघदेखि स्थानिय तह सम्मका सबैखाले ठेक्कापट्टा र सार्वजनिक सम्पतिको कब्जा वा दुरुपयोग गर्नमा समेत ठेकदार, बिचौलिया, गुण्डा, सुरक्षाकर्मी, कर्मचारी, राजनीतिक नेताकार्यकर्ता लगायत मिडियासम्मको बलियो गठजोड देखिन्छ। यस्ता दृष्टान्तको खोजि गर्ने हो भने यसको मुल जरो राजनीतिमै पुगेर जोडिन्छ, र अधिकाँश यस्ता परियोजनाहरुको निर्णयमा तिनै बिचौलिया र ठेकदारको प्रभाव र हितमा राजनीतिक चलखेल र तिकडम हुने भएकोले यी नीतिगत भ्रष्टाचारसंग पनि सम्वन्धित छन्। यसो भनिरहँदा यो बिसं २०४६ को परिवर्तन पछिको दलिय व्यवस्थाले ल्याएको समस्या नभै पुरानो अभ्यास रहेछ भन्ने कुरा पुर्व प्रधानमन्त्री डा. के आइ शिंहको भनाइबाट पनि प्रमाणीत हुन्छ । उहाँले एक ठाँउमा भन्नुभएको छ, "मेरो पालामा भ्रष्टाचर निर्मुल पार्ने भनि त्यसको मुल पत्ता लगाउदै गएँ। जाँदा जाँदा म त दरवारको मुल ढोकामै पुगें। जुन दिन म त्यहाँ पुगें, मेरो मन्त्रीमण्डल बिगठन भएको सुन्नुपऱ्यो" ।

गैरकानुनी तवरबाट अकुत सम्पति आर्जन गर्ने बिचौलीया नीजि वा ब्यक्तिसम्म पुग्ने, अनुगमन गर्ने, नियन्त्रण र अनुसन्धान गर्ने बिशेष अधिकार सम्पन्न छुट्टै राष्ट्रिय संयन्त्र वा संरचना अहिलेसम्म छैन। पीडितका उजुरीका आधारमा सुनुवाइ गर्ने प्रहरी, अदालत जस्ता निकायहरु अधिकाँशत आफै भ्रष्टाचारीको चंगुलमा परेको दृष्टान्त बेलाबेलामा बाहिरिने भएकाले पनि सर्वसाधरणले त्यस्ता निकायबाट न्याय पाउने कम आषा-भरोषा राख्छन। अर्कोतिर सार्वजनिक पदधारण गरेका पदाअधिकारीहरुद्धारा अख्तियारको दुरुपयोग गरि बिचौलियाको पक्षमा हुने निर्णय, सुनुवाइ वा अनुचित लाभका लागि गरिएका निर्णय वा क्रियाकलापलाई अनुसन्धान र नियन्त्रण गर्नको लागि निर्मित अधिकार सम्पन्न संबैधानिक आयोग (अख्तियार दुरुपयोग अनुसन्धान आयोग) ले पनि अपेक्षाकृत ढंगले भ्रष्टाचारको अनुसन्धान र नियन्त्रण गर्न नसकेको, "साना माछा" समातेर ठूलामाछालाई उन्मुक्ति दिएको, विगतमा एकाध ठूलाबडालाइ अनुसन्धानको दायरामा ल्याएको भएपनि स्वअध्ययन र स्वनिर्णयका आधारमा नभै राजनीतिक बदलाको हिसावले "माथिबाट" आइपरेको दवाव र प्रभावको परिणाम स्वरुप गरिएको भन्ने जनगुनासो ब्यापक छ। किनकी कुनै पेशा वा आयश्रोतविना ति आरोपितहरुका भन्दा उच्चतहको जीवनयापन गर्ने र अकुत सम्पति जम्मा गरेका सबैजसो ठुला राजनीतिक दलमा सयौ नेता कार्यकर्ता सर्वसाधारणले दैनिन्दिन देखेका छन् तर त्यता आयोगको नजर परेको छैन। अर्कोतिर, अख्तियारले कार्वाहिको सिफारिस गरेबमोजिम अदालतबाट सफाई पाउने त छदैछ, दोषी करार भइ जेल चलान भएका कतिपय राजनीतिकर्मीको पक्षमा, र आयोग र अदालतको विपाक्षमा सडकमा नारा जुलुस हुनु र तिनको रिहाइपछि बाजागाजा र मालासहित जुलुस निकालिनु पनि आयोगको अनुसन्धान र न्याय पद्धतीप्रति सर्वसाधारणको भरोषा नभएका उदाहरण छन् । आयोगले अपेक्षाकृत ढंगले काम गर्न नसक्नु र जनविश्वास जित्ने गरि संस्थागत र बिकसित हुन नसक्नुका पछाडि यसको गठनको मुल मर्म वा अवधारणा र नेपालको राजनीति-सामाजिक वातावरण वा परिवेशबीच तालमेल नहुनु वा अन्तरविरोध हुनु स्पष्ट देख्न सकिन्छ।

अधिकाँश भ्रष्टाचार राजनीतिक संलग्नता विना प्राय असंभव हुन्छ, अझ नीतिगत भ्रष्टाचार त राजनीतिक नेतृत्वको पहलबाटै हुने हो। आफ्नो आयश्रोत वा पेशा नहुने तर जीवन्त राजनीति गर्ने प्रचलन छ। राजनीतिमा भिज्न र टिक्न असाध्य महँगो हुने भएकोले पनि राजनीति गर्ने अधिकाँश नेताका श्रोत तस्कर, गुण्डा, बिचौलिया हुने गर्दछन । अर्को शब्दमा भन्दा, भ्रष्टाचारबाट आर्जित आयको उचित हिस्सा दल र नेतासम्म पुग्ने भएकोले भ्रष्टहरुसंग बलियो राजनीतिक संरक्षण हुन्छ । देशमा भ्रष्टाचार मौलाउदै गएको कुरा चौतर्फी उठिरहेको छ, तर "भ्रष्टाचारीमा शुन्य सहनशिलता नीति लागु गर्ने", "भ्रष्टाचारि जो सुकै भएपनि मुख हेरिदैन-कार्वाहि हुन्छ!" भन्ने र "भ्रष्टाचार गर्दिन, गर्न पनि दिन्न" भनेर पियन देखि प्रधानमन्त्रीसम्म सार्वजनिक पदाधिकारीले कसम खुवाएका ओलीको कार्यकालमै उनका विश्वासपात्रहरुले नै भ्रष्टाचार गरेको बाहिरिए पनि कार्वाहि नभएबाट सरकारमा जाने भ्रष्टाचार गर्नलाई हो, र भ्रष्टाचार नियन्त्रण वा निवारण अहिलेको अवस्थामा संभव छैन भन्ने सर्वसाधरणको बुझाइ र मनोबिज्ञानमा बल पुगेको छ, यसले भ्रष्टाचारीहरुलाई थप प्रोत्साहित गरेको छ।

माथि उल्लेखित वहसबाट के कुरा प्रष्ट हुन्छ भने भ्रष्टाचार र अनियमिता समाज र देशभरि जरा गाडेर मौलाउनुमा कुनै एउटा पक्षमात्र जिम्मेवार छैन। सिङ्गो समाज, समग्र राजनीति र प्रशासन सबै आआफ्नो ठाँउमा र तहअनुसार दोषी देखिन्छन् । तर राजनीति नै समाज र देशको मियो भएकोले सुधारको पहल पनि राजनीतिक तहबाटै हुनुपर्दछ, त्यो शुरुवात नेकपा माओवादीबाटै भए उदारणिय र प्रशंसनीय हुनेछ । दलका नेता र कार्यकर्ताले चाहने हो भने विचौलिया र कर्मचारीतन्त्रले मात्र चाहेर भ्रष्टाचार आज जसरी मौलाउन सक्दैन । शिक्षामा पठ्यक्रममा सुधार, मिडिया र सामाजिक परिचालन मार्फत धन र रवाफ भन्दा सदाचार र सादापन, र सामान्य जीवन र कामको इज्जतलाई समाजमा पुनस्थापित गर्न आवश्यक छ । यो प्रकृया बृहत संरचनागत सुधार र सुशासनबाट शुरु गरिनु पर्छ ।

Advisors : Prof Lok Raj Baral, Vijay Pratap, Uddhab Pyakurel
Editors : Prof. Deo Kumari Gurung, Ram Saran Sapkota
Design & Layout : Samaj Bigyan Adhyan tatha Paramarsha Kendra Pvt. Ltd., KTM

For subscription, comments and suggestions
sadednepal@gmail.com

Supported By